*Vol. 10 Issue 2, 1-13 Jul. 2025*
*ISSN 2382-5103*

**JOURNAL OF DEVELOPMENT REVIEW**




# सिर्जनात्मक लेखनको सैद्धान्तिक परिचय

**बालकृष्ण शर्मा**

उपप्राध्यापक, सरस्वती बहुमुखी क्याम्पस, त्रिवि, सरस्वती बहुमुखी क्याम्पस, काठमाडौँ, नेपाल
Email: bks.paudel@gmail.com, ORCID: https://orchid.org/0009-0004-0669467X

ARTICLE INFO

*Received date: April 21, 2025*
*Reviewed: May 02, 2025*
*Revised: June 20 2025*
*Accepted: August 01 2025*

**लेखसार**

*प्रस्तुत आलेख सिर्जनात्मक लेखनको सैद्धान्तिक परिचयमा आधारित भई तयार पारिएको प्राज्ञिक अनुसन्धान हो । यस आलेखको उद्देश्य सिर्जनात्मक लेखनको सैद्धान्तिक विमर्श गर्नु रहेको छ । यो गुणात्मक अनुसन्धान विधिमा आधारित छ । यसमा सामग्री सङ्कलनका लागि पुस्तकालय विधिको प्रयोग गरिएको छ । सिर्जनात्मक लेखन मानवीय जीवनजगत्का रागात्मक एषणाहरूको कलात्मक प्रकाशन हो । यसमा जीवनका सुन्दरतम भावहरूलाई कलात्मक भाषाशैलीका माध्यमबाट चित्रण गरिएको हुन्छ । यस्तो लेखनमा स्रष्टाले स्वभुक्त र परभुक्त जीवनजगत्बाट प्राप्त गरेका रचनात्मक अनुभव, सुमधुर स्मृति, स्वतन्त्र कल्पना तथा हार्दिक संवेदनालाई नवीनता प्रदान गर्न सुन्दर शब्द एवम् सुललित भाषाशैलीमा मौलिक ढङ्गले प्रस्तुत गरेको हुन्छ । यसमा यही सिर्जनात्मक लेखनका सैद्धान्तिक चिनारीका रूपमा सिर्जनात्ममक लेखनको परिचय, परिभाषा प्रस्तुत गरी यसको व्यावहारिक वा ज्ञानात्मक लेखनसँगको सम्बन्धलाई स्पष्ट पारिएको छ । त्यसैगरी यसमा सिर्जनात्मक लेखनका विधाहरूको परिचय प्रस्तुत गर्दै तिनका बिचको अन्तरसम्बन्धको विश्लेषण गरी ती विधाहरूको अन्तर विधागत सम्भावनाको निरूपण समेत गरी निष्कर्षमा पुगिएको छ ।*

*शब्दकुञ्जी*

*सिर्जनात्मक लेखन, ज्ञानात्मक लेखन, सिर्जनात्मक विधा, विधागत अन्तरसम्बन्ध, अन्तरविधा सम्भावना*

*© 2025 Journal of Development ReviewSMC All rights reserved*

## विषय परिचय

सिर्जनाको शाब्दिक अर्थ मौलिक रचना, कुनै वस्तु वा कृतिको आविष्कार, सृष्टि, नयाँ निर्माण भन्ने हुन्छ । प्रकृति, जीवनजगत् र चिन्तनजगत्का नवीनतम सृजनशील प्रवृत्ति अँगालेर जेजति निर्माण, रचना, आविष्कार हुन्छन् ती सबै सिर्जना हुन् । नयाँनयाँ कुराहरूको खोजी, निर्माण र सिर्जना गर्नु मानिसको जैविक गुण हो । नयाँनयाँ कुरा कल्पना गर्ने, सोच्ने, बुझ्ने, अनुभव र अनुभूति गर्ने, विश्लेषण गर्ने उसको सहजात प्रवृत्ति हो । यही नित्य नयाँ कुराहरूको अनुभूति गर्न र सिर्जनामा रमाउने खोज्ने मानवीय प्रवृत्ति र क्षमताले लेखनकला, सङ्गीतकला, वास्तुकला, चित्रकला, मूर्तिकला आदिबाट प्रदान गरेका नवीन रचना सिर्जना हुन् । कुनै रचनाकारले ज्ञानविज्ञानका क्षेत्रमा आफ्ना सिर्जनात्मक क्षमताका माध्यमबाट जेजति कुराहरू तयार पार्छ ती सबैलाई सिर्जना भनिन्छ । यही सिर्जनात्मक क्षमतालाई लेखन कलाका माध्यमबाट अभिव्यक्त गर्नु नै सिर्जनात्मक लेखन हो । सिर्जनात्मक लेखनलाई काव्य वा साहित्य पनि भनिन्छ ।

सिर्जनात्मक लेखनका विशिष्ट नियम, अनुशासन, गुण, धर्म र स्वरूपगत पहिचान हुन्छन् । यसलाई सिर्जनात्मक लेखनको सिद्धान्त हो । यसले सिर्जनात्मक लेखन कस्तो लेखन हो ? यसअन्तर्गत के के कुराहरू पर्दछन् ? यो अरू विषय भन्दा किन भिन्न र विशिष्ट छ ? सिर्जनात्मक लेखनका विधाहरुका बिच केकस्तो सम्बन्ध छ ? भन्ने कुराहरूका बारेमा स्पष्ट पार्दै सिर्जनात्मक लेखनको पहिचान, प्रयोग र अध्ययनका लागि आधार प्रदान गर्दछ । यस अनुसन्धानमा सिर्जनात्मक लेखनको यही सैद्धान्तिक पक्षको निरूपण गरिएको छ । यो नै यसको उद्देश्य र विषयगत सीमा हो ।

## अध्ययन विधि र विश्लेषणको ढाँचा

प्रस्तुत आलेख सिर्जनात्मक लेखनको सैद्धान्तिक पक्षसँग सम्बन्धित भएकाले यो गुणात्मक शोधविधिमा आधारित छ । यसमा सामग्री सङ्कलनका लागि पुस्तकालय विधिको प्रयोग गरिएको छ । यसमा सिर्जनात्मक लेखनको सैद्धान्तिक चर्चा गरिएका द्वितीयक स्रोतबाट सङ्कतिल सामग्रीका आधारमा सिर्जनात्मक लेखनको परिचय, परिभाषा तयार पारी यसको स्वरूपगत विशेषता ठम्याई सामान्य लेखन र सिर्जनात्मक लेखनका बिचको सम्बन्ध केलाइएको छ । यसैगरी सिर्जनात्मक विधाका परिचय र परिभाषा पहिल्याई तिनका प्रकार, तिनको अन्तरसम्बन्ध र अन्तरविधागत सम्बन्धको विश्लेषण गरिएको छ ।

## सिर्जनात्मक लेखनको परिचय, परिभाषा, स्वरूप, विशेषता र महत्त्व

### सिर्जनात्मक लेखनको परिचय

सिर्जनात्मक लेखन व्यक्तिका आफ्ना विचार, अनुभव, अनुभूति, कल्पना र भावनाहरूलाई अभिव्यक्त गर्ने विशिष्ट कला हो । यसमा लेखकले आफ्नो मानसिक र भावनात्मक स्थिति, सांस्कृतिक पक्ष, व्यावहारिक अनुभव, जीवनजगत्प्रतिको धारणा र दृष्टिकोण एवं वैयक्तिक र सामाजिक परिप्रेक्ष्यलाई सुन्दर, मनमोहक, आकर्षक र नवीन तरिकाले प्रस्तुत गरेको हुन्छ । उसले आफ्ना रचनामा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक आदि क्षेत्रका समस्याहरूको चित्रण गरी त्यससँग सम्बन्धित विचारहरूलाई पनि प्रकट गर्दछ । सिर्जनात्मक लेखनले मानवीय तथा सामाजिक चेतना विस्तार गरी पाठकलाई प्रबोधित, प्रेरित, आनन्दित र चिन्तनशील बनाउने प्रयास गर्दछ । अतः सिर्जनात्मक लेखन प्रत्येक रूप र शैलीका माध्यमबाट नयाँ दृष्टिकोण र विचारलाई प्रस्तुत गर्ने सजीव र गतिशील प्रक्रिया भएकाले यसले जीवनका गम्भीर प्रश्नहरूको उत्तर खोज्न प्रयास समेत गर्दछ ।

सिर्जनात्मक लेखन अन्य लेखनभन्दा विशिष्ट र मौलिक हुन्छ । यसमा विचार र भावनाहरूलाई स्वतन्त्र र स्वच्छन्द रूपमा व्यक्त गरिएको हुन्छ । यसको मुख्य उद्देश्य पाठकमा भावना र संवेदनशीलता जगाई समाजका विभिन्न पक्षहरूको चित्रणद्वारा मानवीय अनुभवहरूको अन्वेषण गर्नु रहेको हुन्छ । सिर्जनात्मक लेखनलाई प्रेरणा दिने र लेखकलाई रचनात्मक विचारको मार्गदर्शन गर्न सक्ने स्रोतहरू प्राकृतिक सौन्दर्य, जीवनजगत्का अनुभव, स्मृति, सामाजिक घटना र सन्दर्भ, सांस्कृतिक मूल्यमान्यता, प्राकृतिक दृश्य, वातावरण आदि हुन् । सर्जकले यस्ता स्रोतबाट प्राप्त सामग्रीहरूलाई आफ्ना निजी दृष्टिकोण, चिन्तन, अनुभव, अनुभूति र भावनासँग गाँसेर सिर्जनात्मक लेखनका माध्यमबाट संसारभरिका पाठकहरूसम्म सम्बन्ध स्थापित गरी कला सधैँ जीवित राखेको हुन्छ । यो नै सिर्जनात्मक लेखनको वैशिष्ट्य हो ।

### सिर्जनात्मक लेखनको परिभाषा र स्वरूप

सिर्जनात्मक लेखनलाई विभिन्न विद्वान्हरूले भिन्नभिन्न तरिकाले परिभाषित गरेका छन्, यहाँ केही विद्वान्हरूको परिभाषा दिइएको छ :

१. सिर्जनात्मक लेखनको वास्तविक कार्य लेखकको आन्तरिक जीवनलाई सम्पूर्ण मानव अनुभूतिसँग मेल खाने गरी प्रभावशाली तरिकाले अभिव्यक्त गर्नु हो (डोबेल, १८६०, पृ. १०२) ।

२. सिर्जनात्मक लेखन भन्नाले कल्पनाशील लेखनलाई जनाउँछ, जसमा लेखकले आफ्ना विचार र भावनाहरूलाई कलात्मक, विशिष्ट र काव्यात्मक ढङ्गले व्यक्त गर्छ (रिचार्डस्, १९९०, पृ. १०८) ।

३. सिर्जनात्मक लेखन भनेको लेखकका भावना, विचार, सपना र कल्पनाको स्वतन्त्र अभिव्यक्ति हो, जुन एक संरचित साहित्यिक रूपमार्फत प्रस्तुत गरिन्छ (म्याकेन्जी, १९९३, पृ. ३४) ।

४. सिर्जनात्मक लेखनमा केवल विचारलाई कल्पनाशील रूपमा व्यक्त गर्ने मात्र होइन, भाषाको नवीन र अभिव्यक्तिपूर्ण प्रयोगद्वारा साहित्यिक प्रभाव उत्पन्न गरिन्छ (एन्डरसन, १९९८, पृ. ५) ।

५. "सिर्जनात्मक लेखन भनेको लेखकका विचार र भावनाहरूलाई अनौठो र कल्पनाशील ढंगले व्यक्त गर्ने लेखन हो। यो नयाँ कुरा सिर्जना गर्ने कला हो, वा इतिहासलाई रचनात्मक शैलीमा प्रस्तुत गर्ने माध्यम पनि हो (फ्रिम्यान, २००३, पृ : १२) ।

६. सिर्जनात्मक लेखन भनेको मौलिक विचार र भावनाहरूलाई कल्पनाशील र साहित्यिक ढङ्गले व्यक्त गर्ने कथा, कविता वा अन्य पाठहरू लेख्ने प्रक्रिया हो (मुरे, २००४, पृ. १७) ।

७. सिर्जनात्मक लेखन भनेको लेखकको विशिष्ट आवाज र दृष्टिकोण झल्काउने कथा, कविता वा नाटक सिर्जना गर्न भाषाको कलात्मक प्रयोग हो (कोस्टेलो, २००७, पृ. २२) ।

८. सिर्जनात्मक लेखन लेखकका आन्तरिक अनुभूति, विचार, भावना र कल्पनाशक्तिको कलात्मक अभिव्यक्ति हो, जसमा मौलिकता र सृजनशीलता अनिवार्य हुन्छ (राय, २०११, पृ. २७) ।

९. "परिचित वस्तुलाई नयाँ ढङ्गमा हेर्दा वा ज्ञात कुराको नयाँ पुनर्स्थापना गर्दा वा मौलिक ढङ्गमा प्रस्तुत गर्दा लेखन बढी सिर्जनात्मक हुन्छ । यही बढी सिर्जनात्मक लेखनलाई नै सामान्यतया साहित्य वा सिर्जनात्मक लेखन मानिन्छ" (शर्मा, २०५३ : पृ. ५६०) ।

१०. "काव्य भनेको कुनै विषय वा कथानक लिएर मनोहर शैलीको सुत्रमा गुँथिएका शब्द र अर्थको समुचित योगात्मक गुम्फन हो । काव्यका अङ्गप्रत्यङ्गहरूमा बचाउनुपर्ने दोष र समावेश गर्नुपर्ने सौन्दर्य औचित्य आदि जीवनतत्त्वहरूको विश्लेषण गरी सुहाउँदा शब्द र अर्थको सहयोगसहित योजना सम्बन्धी समुचित मार्गदर्शन गर्ने शास्त्र साहित्य हो" (सिग्देल, २०५८, पृ. २०) ।

११. "साहित्य सिर्जना मूलत: कुनै जीवन तथ्यलाई आधारस्तम्भ बनाएर कल्पना, शिल्प, परिवेश, जीवनदर्शन वा दृष्टिकोण आदिलाई ठिकठिक मात्रामा मिसाएर गरिने नवीन रचना हो" (पराजुली, २०५३, पृ. २२)

१२. "सिर्जनात्मक लेखन व्यक्ति प्रतिभाद्वारा आफ्ना चेतना तलमा परेका र सञ्चित हुन पुगेका जीवनजगत्का सूक्ष्म प्रतिच्छायालाई आफ्नै कल्पनाशक्तिका आधारमा भाषिक सङ्केत तथा सामर्थ्यको र तनावको कुशल दोहनपूर्वक कलात्मक अभिव्यक्ति दिने व्यञ्जनाशील वैयक्तिक प्रयास हो" (त्रिपाठी, २०६६, पृ.१६६) ।

यसरी विभिन्न विद्वान्हरूले विभिन्न विधा, तिनका विषय, भाव, शैलीशिल्प आदिलाई समेटेर सिर्जनात्मक लेखनलाई परिभाषित गरेका छन् । वास्तवमा सिर्जनात्मक लेखन व्यक्तिगत वा मौलिक विचार, भावना र कल्पनालाई व्यक्त गर्ने माध्यम हो । यसको उद्देश्य लेखकको मौलिकता र कल्पनाशक्तिलाई प्रकट गर्नु हो । यो लेखकका विचार र भावनाहरूलाई नयाँ र सिर्जनात्मक रूपले व्यक्त गर्ने एक रचनात्मक, मौलिक र व्यक्तित्वजन्य प्रक्रिया हो । यसमा नवप्रवर्तन, मौलिकता र सौन्दर्य चेतनाको समावेश हुन्छह । यो लेखकको मानसिक र भावनात्मक

व्यक्तित्वको प्रतिबिम्ब हो । यसमा लेखकको आफ्नो संसार र अनुभवलाई पुन: कल्पना गरेर प्रस्तुत गर्ने प्रक्रिया हो । निचोडका रूपमा सिर्जनात्मक लेखनलाई यसरी परिभाषित गर्न सकिन्छ : सिर्जनात्मक लेखन भावना, कल्पना, संवेदना र अनुभूतिको प्रकटीकरण हुने अनुभवमा आधारित नवीन र कलात्मक मौलिक लेखन हो । यस्तो लेखनबाट कविता, आख्यान, नाटक र निबन्ध विधाको रचना हुन्छ ।

## सिर्जनात्मक लेखनको विशेषता र महत्त्व

साहित्यिक, कलात्मक वा बौद्धिक दृष्टिकोणबाट नयाँ र मौलिक विचार र अभिव्यक्तिको सिर्जना गर्नु नै सिर्जनात्मक लेखन हो । यसको प्रमुख उद्देश्य केवल जानकारी दिनु मात्र नभई पाठकको भावनात्मक र मानसिक स्तरमा प्रभाव पार्नु, नयाँ दृष्टिकोण प्रस्तुत गर्नु र विचारलाई सृजनात्मक तरिकामा प्रस्तुत गर्नु हो । यसमा मौलिकता, स्वतन्त्रता, नवपर्वतन, अपरिचयीकरण, पुनर्व्यवस्था, विशिष्ट भाषा प्रयोगजस्ता स्वरूपगत विशेषताहरू रहेका हुन्छन् । यहाँ तिनको संक्षेपमा वर्णन गरिएकको छ :

### १. मौलिक लेखन

सिर्जनात्मक लेखनको प्रमुख विशेषता यसको मौलिकता हो । स्रष्टाले जीवनजगत्बाट प्राप्त विचार, दृष्टिकोण, धारणार अनुभवलाई कुनै पनि विधामा नवीन ढङ्गले प्रस्तुत गर्छ । सर्जकले आफ्नो जीवनका अनुभव तथा कुनै विशेष भावना, विचारलाई नयाँ शैली, संरचना र लयमा व्यक्त गर्दा त्यसमा मौलिकता आउँछ । यही मौलिकताका कारण हरेक सिर्जनात्मक लेखनमा नवीनता हुन्छ । यही मौलिकता नै स्रष्टाको मूल परिचय बन्दछ ।

### २. स्वतन्त्र लेखन

सिर्जनात्मक लेखन स्वतन्त्र प्रकृतिको लेखन हो । यसमा सर्जका सबै प्रकारका निर्देशन, नियन्त्रणबाट विमुक्त रहन्छ । उसले आफ्ना भावनालाई स्वस्पूर्त रूपमा व्यक्त गरेको हुन्छ । नौलो संसारको निर्माणका लागि ऊ अत्यन्त संवेदनशील, भावुक र कल्पानशील बनेर वैयक्तिक स्वतन्त्रताको चरम उपयोग गर्दछ ।

### ३. भावनात्मक अभिव्यक्ति

सिर्जनात्मक लेखन स्रष्टाको भावनात्मक स्थितिलाई व्यक्त गर्ने सशक्त माध्यम हो । कृतिमा उसका आन्तरिक दुख, पीडा, शोक, प्रेम, हर्ष, खुसी जस्ता भावनाहरू प्रकट भएका हुन्छन् । उसले आप्फना व्यक्तिगत भावना, अनुभूति, आस्था, चिन्तन र विश्वासलाई संवेदनात्मक रूपमा शब्दहरूमार्फत प्रकट गरेको हुन्छ ।

### ४. नवीनता

सिर्जनात्मक लेखनमा रचनात्मक सोच र कल्पनाशक्तिको प्रयोगले स्रष्टाले नवीन संसारको निर्माण गरेको हुन्छ । ऊ परम्परागत सोचको परिधि बाहिर गएर नयाँ विचार र अवधारणाहरूको निर्माण गर्छ । यही नवीनताले पाठकलाई आकर्षित गर्दछ ।

### ५. सामाजिकता

सिर्जनात्मक लेखनले सामाजिक र मानवीय जीवनका यथार्थलाई इमान्दारीपूर्वक प्रस्तुत गरेको हुन्छ । यसले प्राय: समाजका विभिन्न घटनाहरू, सांस्कृतिक परिपाटीहरू र सामाजिक विषयहरूको चित्रण गर्दछ । यसले समाजका अज्ञात पक्षहरूलाई समेत कलात्मक एवम् प्रतीकात्मक रूपमा प्रस्तुत गर्दछ । त्यसैले सिर्जनात्मक लेखन समाजको दर्पण मात्र होइन, यो प्रतीकात्मक रूपमा समाजको वास्तविक इतिहासको संरक्षण गर्ने सशक्त माध्यम हो ।

### ६. काल्पनिकता

सिर्जनात्मक लेखनमा काल्पनिकता महवपूर्ण पक्ष हो । सर्जकले आफ्नो कल्पनाशक्तिका कारण नै वास्तविकताभन्दा बाहिरका सोच र घटनाहरूलाई प्रस्तुत गरी समय, स्थान र पात्रहरूको व्यापकतामा सिर्जनात्मक संसारको निर्माण गर्दछ । उसले काल्पनिक संसार र घटनाहरूको चित्रण गरेर लेखक

पाठकलाई एक अनौठो र नवीन संसारको विचरण गराउँछ । उसले प्रतीक र बिम्बका माध्यमबाट काल्पनिक संसारको सिर्जना गरी गहन विचार र अर्थलाई व्यक्त गर्दछ ।

### ७. सन्देशको सम्प्रेषण

सिर्जनात्मक लेखनमा केवल अभिव्यक्तिको लागि मात्र नभई कुनै विशेष सन्देश वा विचारलाई सम्प्रेषण गरिन्छ । सर्जकले सिर्जनात्मक कृतिमा आफ्ना विचार, दृष्टिकोण र दर्शनलाई प्रभावकारी रूपमा सन्देशका रूपमा व्यक्त गर्ने प्रयास गर्दछ । कुनै सामाजिक, राजनीतिक वा व्यक्तिगत सन्देश दिन सक्छ ।

### ८. अनुभवमा आधारित लेखन

सिर्जनात्मक लेखन स्रष्टाका जीवन र जगत्का दृष्ट र भुक्त अनुभवमा आधारित हुन्छ । स्रष्टाको सहजात प्रतिभा र संस्कारका साथै उसको जीवन भोगाइ, अध्ययन, सामाजिक संरचना, प्रकृतिजगत्, परिवेश आदिबाट विशिष्ट अनुभव प्राप्त गरेको हुन्छ । यही अनुभवलाई अभिव्यक्त गर्न उसले सिर्जनात्मक विधाको सहयोग लिएको हुन्छ ।

### ९. आनन्दानुभूति

सिर्जनात्मक लेखन स्रष्टा र पाठक दुवैको आनन्दप्राप्तिका लागि लेखिन्छ । पूवीय एवम् पाश्चात्य साहित्य चिन्तन परम्परामा साहित्यको मूल प्रयोजन नै आनन्दको प्राप्ति हो । पूर्वीय साहित्य परम्परामा त झन् सिर्जनाबाट प्राप्त हुने आनन्दलाई ब्रह्मानन्द सहोदर (उपाध्याय, २०४८, पृ. २०) का रूपमा चिनाइएको छ ।

### १०. सौन्दर्यात्मकता

सिर्जनात्मक लेखनले सोन्दर्यपरक मूल्यको प्रस्तुति गर्दछ । भाव वा विचारले आन्तरिक सौन्दर्य र कलाले बाह्य सौन्दर्यको सिर्जना गरेका हुन्छन् । बिम्ब, प्रतीक एवम् अलङ्कारको समुचित प्रयोगले लेखनलाई सुन्दर बनाएको हुन्छ । रचनाकारले आफ्नो रचनात्मक कलाकौशलद्वारा रचनालाई सुन्दर, सुललित एवम् आकर्षक बनाएको हुन्छ ।

सिर्जनात्मक लेखन विशेष महत्त्व रहेको हुन्छ । यो सौन्दर्यपरक मूल्यको प्रस्तुति गरिने अनुभवको कलात्मक लेखन हो । यो प्रभावपूर्ण र आनन्दपूर्ण पठनका लागि लेखिने कल्पनात्मक, भावात्मक, शक्तिशाली एवं सर्वोत्तम रचना हो । यस्तो रचनाले समाजमा नवीन ज्ञान, विचार, चिन्तन तथा व्यवहारोपयोगी शिक्षा दिन्छ । कवि वा रचनाकारले आत्मप्रकाशन गरी आफ्ना भावनाहरू प्रस्तुत गर्ने र तिनै विचार वा भावनाले समाजका विभिन्न वर्गले ज्ञान र आनन्द प्राप्त गर्न सक्ने हुँदा सिर्जनात्मक लेखनको विशेष महत्त्व रहिआएको छ । समाजका विविध पक्षमा नयाँ चेतनाको सञ्चार गर्ने हुनाले सिर्जनात्मक रचनाको विशेष महत्त्व छ भन्ने कुरा निर्विवाद छ (पराजुली, २०५३, पृ. २९) । यसले समाजका विकृतिहरू, अन्याय, शोषण र असमानताहरूलाई उजागर गर्न मद्दत गर्दछ । यसले पाठकका विचार र अवधारणामा नयाँ दृष्टिकोण ल्याई जीवनका अर्थपूर्ण सन्दर्भहरूसँग परिचित गराएर उसको जीवनशैलीमा सुधार ल्याउन प्रेरित गर्न सक्छ । यसले व्यक्तिलाई नयाँ दृष्टिकोणबाट सोच्ने, नयाँ विचारलाई शब्दमा उतार्ने र अभिव्यक्ति प्रखर बनाउने क्षमतामका साथै भाषिक अभिव्यक्ति क्षमतामा अभिवृद्धि गर्छ । यसले मानसिक विकास र सोचको विस्तार गर्नुका साथै कल्पनात्मक र विश्लेषणात्मक सोचमा वृद्धि ल्याउँछ । यसका माध्यमबाट व्यक्तिले आफ्ना भावना र विचारलाई सुरक्षित रूपमा व्यक्त गर्न पाउँछ । यसबाट सर्जक र पाठक दुवैलाई आनन्द, मानसिक शान्ति र सन्तुष्टि प्राप्त हुन्छ । यसले प्रभावकारी रूपमा सम्प्रेषणात्मक सम्बन्ध स्थापित गर्न सघाउँछ । सिर्जनात्मक लेखनले समाजलाई नयाँ दृष्टिकोण र सांस्कृतिक समृद्धि प्रदान गर्दछ । व्यक्तिको व्यक्तिगत र व्यावसायिक जीवनमा सकारात्मक प्रभाव पार्न सक्छ । यो नै सिर्जनात्मक लेखनको महत्त्व हो ।

## सिर्जनात्मक लेखन र ज्ञानात्मक लेखनबिचको भिन्नता

समस्त वाङ्मयका मूलत: सिर्जनात्मक लेखन र ज्ञानात्मक वा असिर्जनात्मक लेखन गरी दुई भेद छन् । सिर्जनात्मक लेखन विशिष्ट र अनुभवात्मक हुन्छ । यसलाई साहित्यिक लेखन पनि भनिन्छ । असिर्जनात्मक लेखन सामान्य र ज्ञानात्मक लेखन हो । यसलाई शास्त्र पनि भनिन्छ (शर्मा, २०५८, पृ. ३-४) । सिर्जनात्मक लेखन र व्यावहारिक लेखनका आआफ्नै प्रकारका संरचना, प्रस्तुति, प्रकृति, भाषा, शैली र स्वरूपगत विशेषता हुन्छन् ।

सिर्जनात्मक लेखन अनुभवको लेखन भएकाले यसमा भावनात्मकता, कलात्मकता, कल्पनात्मकता र सौन्दर्यात्मकताजस्ता कुराहरूलाई जोड दिइन्छ । यो सौन्दर्यमूलक र विशिष्ट प्रकृतिको हुन्छ । यसले मानवमनका रागात्मक एषणाहरूलाई विचार र अनुभूतिसँग संश्लेषण गरेर प्रस्तुत गर्दछ । यसमा लेखकले जीवनजगत्प्रतिका आफ्ना विचार, कल्पना र भावनालाई इमान्दारीपूर्वक सिर्जनात्मक स्वतन्त्रताको अधिकतम प्रयोगद्वारा संवेदनात्मक र भावात्मक स्वरूप प्रदान गरेको हुन्छ । यही लेखन नै साहित्य हो । "...साहित्य जीवनको पर्याय हो । जीवन सबभन्दा महत्त्वपूर्ण र महान् हुन्छ । साहित्यले त्यही महत्त्वपूर्ण जीवन जिउने कलाको अन्वेषण र प्रदर्शन गर्दछ (उपाध्याय, २०४९, पृ. ५) ।" यसरी सिर्जनात्मक लेखनले समस्त जीवनजगत् र समग्र जीवनपद्धतिको कलात्मक र सौन्दर्यपरक चित्रण गर्दछ भन्ने कुरा यस भनाइबाट स्पष्ट हुन्छ । सिर्जनात्मक लेखनअन्तर्गत साहित्यका कथा, कविता, निबन्ध, नाटक आदि मूल विधा तथा तिनका उपविधाहरू पर्दछन् । यिनै विधाउपविधाका माध्यमबाट प्राकृतिक सौन्दर्यानुभूति र मानवीय संवेदनालाई प्रस्तुत गर्नु, काल्पनिक पात्र र घटनाहरूमा आधारित भई एउटा अलग संसारको निर्माण गर्नु, पात्रहरूको संवाद र अभिनयमा आधारित भई कुनै भावना या अवधारणा प्रस्तुत गर्नु सिर्जनात्मकता हो । अत: सिर्जनात्मक लेखन नवीन, सूक्ष्म, वैयक्तिक, मौलिक, हार्दिक, अनुभवात्मक एवम् कलात्मक हुन्छ ।

ज्ञानात्मक लेखन व्यावहारिक लेखन वा सामान्य लेखन हो । यो व्यावहारिक जीवनसँग सम्बन्धित हुन्छ । यो कल्पनाधर्मी गुणमा भन्दा वैयक्तिक धारणामा आधारित ज्ञानात्मक प्रकृतिको वस्तुगत लेखन हो । तथ्य र जानकारीमा आधारित हुने भएकाले यो बढी वस्तुवादी, व्यावहारिक र आदर्शमूलक हुन्छ । यो सूचना, ज्ञान र तथ्य प्रस्तुत गर्नका लागि लेखिन्छ । यसमा लेखकले पाठकलाई कुनै विशेष विषयमा स्पष्ट जानकारी दिने प्रयास गर्दछ । यसले तथ्य र प्रमाणको आधारमा व्याख्या गर्छ । त्यसैले यसको उद्देश्य जानकारी दिनु, स्पष्ट पार्नु, कुनै जटिल विषयलाई सरल बनाउनु हुन्छ । यसमा लेखकको व्यक्तिगत भावना वा कल्पनाको अपेक्षा हुँदैन । यस्तो लेखनले कुनै विषयका बारेमा ऐतिहासिक, तुलनात्मक, विरणात्मक, विश्लेषणात्मक ज्ञान प्रस्तुत गर्दछ । यसबाट साक्ष्य र प्रमाणका आधारमा तार्किक व्याख्या गरी कुनै सिद्धान्त, दर्शन वा विचारको प्रतिपादन गरिन्छ र कुनै विषयलाई स्पष्ट पारिन्छ । शैक्षिक लेख, रिपोर्ट, समाचारमूलक लेख, अनुसन्धानात्मक लेख आदि ज्ञानात्मक लेखनका उदाहरण हुन् । अत: ज्ञानात्मक लेखन वस्तुगत, स्थूल, निर्वैयक्तिक, तार्किक, बौद्धिक, व्यावहारिक एवम् तथ्यपूर्ण हुन्छ ।

उपर्युक्त विश्लेषणबाट सिर्जनात्मक लेखन र ज्ञानात्मक लेखन वाङ्मयका भिन्नभिन्न विधा हुन् भन्ने स्पष्ट हुन्छ । यी दुईको भिन्नताबारे पराजुलीको भनाइ यस प्रकार रहेको छ, "साहित्यिक रचना सिर्जना भएको हुनाले यसमा मौलिकता रहन्छ ।...व्यावहारिक रचना मौलिकतारहित वस्तुवादी लेखन हो (पराजुली, २०५३, पृ. २४) ।" वास्तवमा सिर्जनात्मक लेखनमा रचनाकारका निजी, स्वच्छन्द, उन्मुक्त र मौलिक भावनाको प्रकटीकरण भएको हुन्छ तर व्यावहारिक लेखनमा लेखक सदैव विषयनिष्ठ र वस्तुगत प्रस्तुतिमा केन्द्रित भएको हुन्छ । यी दुईका बिचको भिन्नतालाई निम्नानुसार बुँदामा स्पष्ट पारिएको छ ।

### १. लेखनको उद्देश्य

सिर्जनात्मक लेखन आनन्द, सन्तुष्टि, व्यक्तिगत अभिव्यक्तिको लागि गरिन्छ । यसमा लेखकले आफ्नो भित्री भावना, कल्पना र विचारलाई कलात्मक तरिकाले प्रस्तुत गर्छ । यसको उद्देश्य पाठकलाई भावनात्मक रूपमा प्रेरित गर्नु वा मनोरञ्जन प्रदान गर्नु हो । ज्ञानात्मक लेखन वैज्ञानिक, शैक्षिक वा व्यावसायिक क्षेत्रसँग सम्बन्धित हुन्छ । यसले तथ्यमाथि जोड दिन्छ । यसको उद्देश्य पाठकलाई कुनै विषयको बारेमा स्पष्ट जानकारी दिनु वा व्याख्या गर्नु हो ।

### २. प्रस्तुत गर्ने सामग्री

सिर्जनात्मक लेखनमा लेखकको कल्पना, विचार र संवेदना सामग्रीका रूपमा प्रस्तुत गरिन्छ । यसमा काल्पनिक पात्र, घटनाहरू र वातावरणको सिर्जना गरिन्छ । यहाँ कुनै वास्तविकता वा प्रमाणको आवश्यकता हुँदैन । ज्ञानात्मक लेखनमा तथ्य र प्रमाण प्रस्तुत गरिन्छ । लेखकले तथ्यहरूलाई राम्रोसँग व्याख्या गरेर कुनै विषयको बारेमा विशेष जानकारी दिन्छ । यसमा व्यक्तिगत राय वा कल्पनाको स्थान कम हुन्छ । यो अधिक ज्ञान, तथ्य र यथार्थमा केन्द्रित हुन्छ ।

### ३. शैली र संरचना

सिर्जनात्मक लेखनको शैलीमा लेखकीय स्वतन्त्रता र विधागत लचिलोपन हुन्छ । लेखकले आफ्नो चाहनाअनुसार विभिन्न प्रकारका काव्यात्मक, संवादात्मक, आलङ्कारिक र वर्णनात्मक शैलीमा लेख्न सक्छ । यो प्राय: अनौपचारिक र भावनात्मक हुन्छ । ज्ञानात्मक लेखनको शैली अधिक औपचारिक, नियन्त्रित र वस्तुपरक हुन्छ । पाठकलाई बुझ्न सजिलो होस् भनेर यसमा निर्दिष्ट, स्पष्ट र सङ्गठित संरचना अँगालिएको हुन्छ । यो प्राय: परिचय भाग, मुख्य भाग र निष्कर्षको रूपमा संरचित हुन्छ ।

### ४. पाठकको भूमिका

सिर्जनात्मक लेखनमा पाठकको भूमिका अधिक संवेदनात्मक र भावनात्मक हुन्छ । पाठकले लेखकको भावनालाई महसुस गर्न कलात्मकता तथा कल्पनाको आनन्द लिने अपेक्षा राखिन्छ । ज्ञानात्मक लेखनमा पाठकको भूमिका जानकारी र तथ्यमाथि आधारित हुन्छ । पाठकले लेखमा प्रस्तुत गरिएको तथ्यलाई बुझ्न र त्यसको आधारमा निर्णय गर्न चाहन्छ ।

### ५. विविधता

सिर्जनात्मक लेखनमा विविधता बढी हुन्छ । यसमा कथा, कविता, उपन्यास, नाटक, गीत आदि विधाका माध्यमबाट पाठकलाई भावनात्मक र काल्पनिक स्तरमा जोडिएको हुन्छ । ज्ञानात्मक लेखनमा पनि विविधता हुन्छ तर ती सबै लेखनको उद्देश्य जानकारी दिनु र स्पष्ट व्याख्या गर्नु हो ।

### ६. प्रभाव र परिणाम

सिर्जनात्मक लेखनले पाठकलाई प्रेरित, उत्तेजित या शान्त बनाउन सक्छ । ज्ञानात्मक लेखनको प्रभाव जानकारीको आधारित हुन्छ । यसले पाठकलाई सूचनाको सम्प्रेषण, नवीन तथ्यहरूको ज्ञान र कुनै विशेष विषयबारे शिक्षित गर्दछ ।

यसरी सिर्जनात्मक लेखन र ज्ञानात्मक लेखन उद्देश्य, शैली र संरचनाका दृष्टिले फरक हुन्छन् । सिर्जनात्मक लेखन कलात्मकता र व्यक्तिगत अभिव्यक्तिमा केन्द्रित छ भने ज्ञानात्मक लेखन मुख्यत: तथ्य र जानकारीमा आधारित हुन्छ । यी दुई प्रकारका लेखनले पाठकलाई फरक तरिकामा अनुभव र जानकारी दिन्छन् ।

## सिर्जनात्मक लेखनका विधाको वर्गीकरण तथा तिनको परिचय, परिभाषा र स्वरूप

सिर्जनात्मक लेखनका प्रकार नै विधा हुन् । सिर्जनात्मक लेखनका विभिन्न प्रकारहरूको विभाजनलाई विधागत वर्गीकरण भनिन्छ । सिर्जनात्मक लेखनमा स्रष्टाको शिल्प, कल्पना र भावनाको प्रयोग हुने भएकाले यसका अनेकौँ विधा उपविधाहरू हुन्छन् । रचनाका

संरचक नियम, रचनागत सीमा, विशेषता एवम् अभिलक्षणहरूले तिनका विधागत पहिचान प्रस्तुत गरेका हुन्छन् । पूर्वीय साहित्यशास्त्रमा काव्यलाई मुख्यत: अभिनेय (दृश्य) काव्य र पाठ्य वा श्रव्य काव्य गरी दुई भेदमा वर्गीकरण गरी तिनका उपभेदहरूको वर्णन गरिएको छ (उपाध्याय, २०४८, पृ. ३९) । मोतीलाल पराजुलीले रचना/सिर्जनालाई यसप्रकार वर्गीकरण गरेका छन् । सिर्जनाका शिल्पधर्मी र कल्पनाधर्मी गरी मुख्यत: दुई प्रकारका हुन्छन् । यसअन्तर्गत उपयोगीकला र ललितकला पर्दछन् । ललितकलाभित्र चित्रकला, मूर्तिकला, सङ्गीतकला, नृत्यकला, वाङ्मयकला पर्दछन् । वाङ्मयकलाभित्र शास्त्र र साहित्य पर्दछन् भने साहित्यभित्र समालोचनात्मक र सिर्जनात्मक साहित्य पर्दछन् । सिर्जनात्मक साहित्यभित्र सिर्जनात्मक लेखनका मूल विधा कविता, आख्यान, नाटक र निबन्ध विधा गरी चारवटा पर्दछन् । नेपाली साहित्य र संसारका जुनसुकै भाषाको साहित्यमा काव्य, नाटक, आख्यान, र निबन्ध गरी चार विधा वा प्रकारहरू नै साहित्यका चार मूल बिन्दुहरू हुन् (शर्मा, २०५८, पृ. ५) । यसरी नाटक, कविता, आख्यान र निबन्ध सिर्जनाका मूल विधा हुन् । पाश्चात्य जगत्मा स्थापित भएका जीवनी, आत्मकथा, संस्मरण, यात्रासाहित्य, दैनन्दिनी, रिपोर्ताज आदि अन्यविधा अन्तर्गत पर्दछन् । यहाँ सिर्जनात्मक साहित्यका मूल विधाहरूको परिचय, परिभाषा र स्वरूप प्रस्तुत गरिएको छ :

## कविता

कविता साहित्यको सबैभन्दा प्राचीन विधा हो । कवितालाई अन्य विधाबाट अलग्याउने प्रमुख आधार लय हो । “विचार, भाव वा घटनाको लयात्मक संरचनालाई कविता भनिन्छ” (शर्मा, २०५५, पृ. ५६१) । “जीवनको क्रममा प्राप्त विभिन्न भाव, विचार र अनुभूतिविशेषको तीव्र र सम्पूर्ण अभिव्यक्ति नै कविता हो” (थापा, २०५०, पृ. ४३) ।कविले कवितामा कला पक्ष र भाव पक्षमा जति सन्तुलन ल्याउन सक्छ, त्यो यति नै सबल र उत्कृष्ट हुन्छ । यसमा कोमल शब्दहरूका माध्यमबाट विचार, भावना, संवेदना र अनुभवलाई संक्षिप्त र लयबद्ध तरिकामा व्यक्त गरिएको हुन्छ । यसलाई बिम्ब, प्रतीक, अलङ्कार आदिको सुन्दर संयोजनले मार्मिक, सुन्दर र कलात्मक बनाएको हुन्छ । कविता लघु, मध्यम र बृहत् गरी तीन प्रकारका छन् । लघु भेदमा मुक्तक, गीत, गजल र फुटकर कविता पर्दछन्, मध्यम भेदमा खण्डकाव्य र लामा कविता पर्दछन् भने बृहत् भेदअन्तर्गत महाकाव्य पर्दछ । संरचनाका आधारमा कविता प्रगीतात्मक, आख्यानात्मक र नाटकीय गरी तीन प्रकारका छन् । प्रगीतात्मक संरचनामा गीत, फुटकर कविता, गजल, हाइकु आदि पर्दछन् । फुटकर कविता पद्यात्मक र गद्यात्मक दुवै प्रकारका हुन्छन् । महाकाव्य आख्यानात्मक संरचनामा पर्ने सबैभन्दा ठूलो रूप र खण्डकाव्य मझौला रूप हुन् । नाटकीय संरचनामा लामो कविता र सानो कविता पर्दछन् । कवितामा संरचना, विषयवस्तु, भाव वा विचार, लयविधान, भाषाशैली, उद्देश्य, दृष्टिबिन्दु, बिम्बविधान, अलङ्कारयोजना जस्ता तत्त्वहरू रहन्छन् ।

## आख्यान

निश्चित कार्यकारण शृङ्खलामा आबद्ध दुई वा दुईभन्दा बढी स्वतन्त्र घटनाहरू भएको गद्यात्मक रचनालाई आख्यान भनिन्छ । संरचनाका आधारमा आख्यान कथा र उपन्यास गरी दुई प्रकारका छन् । कथा र उपन्यासका संरचनात्मक विधान भिन्नभिन्न हुन्छन् । कथालाई छोट्याएर उपन्यास र उपन्यासलाई लम्बाएर कथा बनाउन मिल्दैन । कथालाई लघुकथा पनि भनिन्छ । “कथा भनेको गद्यको त्यो विधा हो, जसमा जीवनजगत्को कुनै एक पक्षको चित्रण हुन्छ, एउटा तथ्यको उद्घाटन हुन्छ र एउटा सत्यको विश्लेषण हुन्छ (थापा, २०५०, पृ. १६०) ।” कथा आख्यानको छोटो वा संक्षिप्त रूप हो भने उपन्यास बृहत् रूप हो । कथामा कुनै विशेष घटना वा पात्रको जीवनको कुनै पक्षको चित्रण गरिन्छ । कथाले कुनै काल्पनिक वा वास्तविक घटनाहरूको वर्णन र

तिनको सजीव चित्रण गर्दछ । कथामा काल्पनिक घटना, पात्र र परिवेशको विकास गरेर कुनै पनि सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक तथा भावनात्मक विषयलाई प्रस्तुत गरिन्छ । उपन्यास लामो कथा वा कथा लेखनको विस्तृत रूप हो, जसमा विविध पात्र र घटनाहरूको विकास हुन्छ । "उपन्यास गद्यमा लेखिएको त्यो विधा हो, जसमा मानव-जीवनको विस्तृत पक्ष र सम्बद्ध परिवेशको प्रस्तुति भएको हुन्छ" (थापा, २०५०, पृ. १२७) ।यसमा पात्रहरूको जटिलता, सामाजिक, मानसिक तथा भौतिक दृष्टिकोणको विस्तृत अनुसन्धान गरिएको हुन्छ । उपन्यासको दृष्टि बहुआयामिक हुन्छ । यसमा ससाना घटनालाई पनि महत्त्वका साथ विस्तारपूर्वक वर्णन गरिएको हुन्छ । यो बढी विश्लेषणात्मक र वर्णनात्मक हुन्छ । आख्यान वा कथा र उपन्यासमा कथावस्तु, पात्र, परिवेश, उद्देश्य, संवाद, भाषाशैली, दृष्टिबिन्दु जस्ता तत्त्वहरू रहन्छन् ।

### नाटक

नाटक दृश्यात्मक विधा हो । "सहभागीहरूको क्रियात्मक र संवादात्मक संरचनालाई नाटक भनिन्छ" (शर्मा, २०५५, पृ. ५६२) ।यसमा आङ्गिक, वाचिक, सात्त्विक र आहार्यको माध्यमबाट अवस्था विशेषको अनुकरण गरिएको हुन्छ । नाटककारले नाटकमा संवाद र क्रियाकलापका माध्यमबाट कुनै घटना या कथालाई प्रस्तुत गरेको हुन्छ । नाटक लेखनको मुख्य उद्देश्य मञ्चमा प्रदर्शन गर्न हो । नाटकमा पात्रहरूको संवाद, अभिनय, रङ्गमञ्च व्यवस्था, प्रकाश र ध्वनि संयोजन जस्ता पक्षहरू महत्त्वपूर्ण मानिन्छन् । नाटककारको उद्देश्य वा विचारलाई अभिनेय पात्रका माध्यमबाट प्रस्तुत गरिने हुँदा यसमा पात्रचयन तथा निर्माणमा विशेष ध्यान दिइएको हुनु पर्दछ । यसमा कथाको विकास पात्रहरूको संवाद, परिस्थिति र सन्दर्भद्वारा भएको हुन्छ । नाटकको चर्चा एकल नाटक, द्वन्द्व नाटक, कविता नाटक आदिका भए पनि संरचनाका आधारमा भने नाटक पूर्णाङ्की र एकाङ्की गरी दुई प्रकारका छन् । एउटा अङ्क भएको नाटकलाई एकाङ्की र एकभन्दा बढी अङ्क भएको नाटकलाई पूर्णाङ्की भनिन्छ । नाटकमा विषय, कथानक, पात्र, परिवेश, मञ्चनीयता, संवाद, भाषाशैली, द्वन्द, उद्देश्य जस्ता तत्त्वहरू रहन्छन् ।

### निबन्ध

निबन्ध साहित्यमा सबैभन्दा पछि विकसित भएको विधा हो । यसको विकास र स्वरूप निर्माणमा पाश्चात्य साहित्यको भूमिका रहेको छ । "विषय, शैली र वैयक्तिक दृष्टिकोण प्रधानता भएको छोटो छरितो गद्यात्मक संरचनालाई निबन्ध भनिन्छ" (शर्मा, २०५५, पृ. ५६३) ।यो विचार वा दृष्टिकोण र निजी अनुभूतिलाई सशक्त रूपमा व्यक्त प्रस्तुत गर्न लेखिन्छ । यसमा लेखकले कुनै पनि विषयमा आफ्ना विचार, भावना, चिन्तन र अनुभवलाई हार्दिकतापूर्वक प्रस्तुत गर्छ । यसमा विचारलाई दृष्टान्त, तर्क, प्रमाण, विश्लेषण र साक्षात्कारको माध्यमबाट पुष्टि समेत गरिएको हुन्छ । यो लेखकले कुनै विशेष विषयमा आफ्नो विचारलाई सङ्गठित र तार्किक रूपमा प्रस्तुत गर्ने एक प्रकारको गैरकथा लेखन हो । यसमा लेखकका निजी अनुभव र विचार, जीवन, अस्तित्व र मनोविज्ञानका गहन विचारहरूको विश्लेषण, समाजका विभिन्न पक्षहरूको आलोचना र विश्लेषण, दर्शनको गहिराइ र विवेचना गरिएका विषयरूप रहन्छन् ।

शैलीका आधारमा निबन्ध आत्मपरक र वस्तुपरक गरी दुई प्रकारका छन् । प्रस्तुतिका आधारमा निबन्ध विवरणात्मक, तार्किक, वर्णनात्मक र आख्यानात्मक गरी चार प्रकारका हुन्छन् । निबन्धमा विषय, शैली, हार्दिकता, बौद्धिकता, उद्देश्य, दृष्टिविन्दु, भाषाशैली जस्ता तत्त्वहरू रहन्छन् ।

### साहित्यिक विधाहरूको अन्तरसम्बन्ध र अन्तरविधाको सम्भावना

साहित्यका मूल विधाहरू कविता, नाटक, आख्यान र निबन्धका आआफ्नै विधागत धर्म, अनुशासन,

स्वरूप, विशेषता, नियम र सीमाहरू रहेका हुन्छन् । यी विधाहरूका बिच कुनै न कुनै वैशिष्ट्यहरूको समानता रहेको हुन्छ । प्रत्येक विधाको एकअर्कामा कुनै न कुनै प्रभाव परेको हुन्छ । कुनै विधासँग नजिकको सम्बन्ध र कुनै विधासँग केही टाढाको सम्बन्ध रहने हुँदा यी एकअर्कामा अन्तरसम्बन्धित हुन्छन् ।

कथा र नाटक दुवैमा पात्र, घटना र सङ्घर्षको विकास हुन्छ । दुवै विधामा सिर्जनात्मकता र घटनाक्रमको धारा समान रहन्छ । दुवै विधामा पात्रहरूको विकास र कथाको घटनाक्रममा जोड दिइन्छ । नाटकमा संवादको माध्यमबाट कथा प्रस्तुत गरिन्छ भने कथामा घटनालाई वर्णनात्मक शैलीमा व्यक्त गरिन्छ । कथामा घटना र पात्रहरूलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरिन्छ भने नाटकमा संवाद र अभिनयका माध्यमबाट प्रस्तुत गरिन्छ । कथाकारले कथामा नाटकमा जस्तै कुनै मुखपात्र सिर्जना गरी आफ्ना विचार र दृष्टिकोणलाई प्रस्तुत गरेको हुन्छ । विषय वा घटनालाई जीवित बनाउन दुवैमा पात्र, परिवेश, घटनाको तारतम्य मिलाइएको हुन्छ । एउटा कथा लेखी कथाका घटनाहरूलाई नाटकको रूपमा रूपान्तरण गरी अभिनय र संवादको माध्यमबाट मञ्चमा प्रस्तुत गर्न सकिन्छ । नाटकमा घटनाका प्रस्तुतिका लागि वर्णनात्मक शैली अँगालिएको हुन्छ भने कथामा दृश्यात्मकता वा नाटकीयताको सिर्जना गरिएको हुन्छ । त्यसैले कथा र नाटक एकअर्कामा सम्बन्धित विधा हुन् ।

कविता र कथाबीचका भिन्नतासँगै एकअर्कामा अन्तरविधा सम्भावना पनि छ । कविता र कथा दुवै श्रव्य-पाठ्य विधा हुन् । कवितामा भावनाको गहिराइ र लयात्मकता हुन्छ भने कथामा घटनाक्रमको विस्तार र पात्रहरूको विकासमा जोड दिइन्छ । यद्यपि कवितामा संक्षिप्त घटनाहरूलाई पनि कथाशैलीमा प्रस्तुत गरी कवितात्मक कथा तयार पार्न सकिन्छ । घटनालाई भावनात्मक दृष्टिकोणबाट प्रस्तुत गरी कथात्मक कविता बन्दछ । दुवैमा प्रथम वा तृतीय पुरुष दृष्टिबिन्दु र अप्रत्यक्ष प्रस्तुति रहन्छ । कथामा जस्तै वर्णनात्मक र विवरणात्मक शैली अँगालेर कविता रचना गरिएको हुन्छ । यसरी कथा र कविता अन्तरसम्बन्धित विधा हुन् ।

कविता र निबन्धका बीचको मुख्य अन्तर उद्देश्य, शैली र संरचनामा हुन्छ । कविता संक्षिप्त, लयबद्ध र भावनात्मक हुन्छ भने निबन्ध अधिक तार्किक, विस्तृत र विश्लेषणात्मक हुन्छ । तर दुवै विधामा विचारको स्पष्टता र सृजनात्मकता हुनुपर्छ । यी विधाहरू बीचको अन्तरविधा सम्भावनाले भएकाले कविता र निबन्धलाई मिलाएर नवीन साहित्यिक विधा बनाउन सकिन्छ । कविता र निबन्ध विधाको मिश्रणमा गहिरा विचार र भावनाहरूलाई लयात्मक र तार्किक रूपमा प्रस्तुत गरिएको नवीन साहित्यिक कृति तयार गर्न सकिन्छ । निबन्ध र कथाका बीच पनि एक निश्चित अन्तरसम्बन्ध छ । निबन्धकारले निबन्धमा आफ्ना विचार प्रस्तुत गर्न कथाविधिको प्रयोग गरी आख्यानात्मक निबन्ध लेख्न सक्छ । यस्तै कथामा पनि कथाकारले कुनै विषयमा घटनाको विश्लेषण र आलोचना गरी विश्लेषणात्मक निबन्धको रचना गर्दछ । यसप्रकार कवितात्मक, आख्यानात्मक, नाटकीय र निबन्धात्मक विधाका बिच अन्तरसम्बन्ध वा अन्तर्मिश्रण रहेको देखिन्छ । प्रत्येक विधाका एकएकवटा विशुद्ध वा चोखो स्वरूपसहित अन्य र तीनवटा मिश्रित रूप प्रयुक्त हुने गरेका छन् ।

विधागत सम्बन्धका दृष्टिमा कविताका विशुद्ध कविता (आफ्नै विधागत स्वरूपमा रहेको कविता), नाटकीय कविता (आकस्मिक मोडहरूका कारण नाटकीयता उत्पन्न भएको कविता), आख्यानात्मक कविता (घटना प्रसङ्गहरू कार्यकारण शृङ्खलामा संरचित भएको कथात्मक कविता) र निबन्धात्मक कविता (दृष्टिकोणको प्रधानता भएको कविता) रूपहरू हुन्छन् । नाटकका विशुद्ध नाटक (आप् ञनै विधागत स्वरूपमा रहेको नाटक), कवितात्मक

नाटक (कवितात्मक स्वरूपमा संरचित लयात्मकता भएका नाटक), आख्यानात्मक नाटक (घटना प्रसङ्गहरू कार्यकारण शृङ्खलामा संरचित भएको कथात्मक नाटक) र निबन्धात्मक नाटक (दृष्टिकोणको प्रधानता भएको नाटक) गरी चार रूपहरू हुन्छन् । आख्यानका विशुद्ध आख्यान (आफ्नै विधागत स्वरूपमा रहेको आख्यान : कथा र उपन्यास), कवितात्मक आख्यान (लयात्मकता भएका आख्यान), नाटकीय आख्यान (आकस्मिक मोडहरूका कारण नाटकीयता उत्पन्न भएको आख्यान) र निबन्धात्मक आख्यान (दृष्टिकोणको प्रधानता भएको आख्यान) तथा निबन्धका विशुद्ध निबन्ध (आफ्नै विधागत स्वरूपमा रहेको निबन्ध), नाटकीय निबन्ध (आकस्मिक मोडहरूका कारण नाटकीयता उत्पन्न भएको निबन्ध) आख्यानात्मक निबन्ध (घटना प्रसङ्गहरू कार्यकारण शृङ्खलामा संरचित कथात्मक निबन्ध) र कवितात्मक निबन्ध (लयात्मकता भएको निबन्ध) गरी चारचार रूपहरू हुन्छन् ।

सिर्जनात्मक लेखनमा विभिन्न विधाहरूको अन्तरसम्बन्ध भए झैँ अन्तरविधाको सम्बन्ध पनि त्यत्तिकै रहेको छ । अन्तरविधा सम्भावना भनेको सिर्जनात्मक लेखनको एक विधालाई अर्को विधामा रूपान्तरण गर्न सकिने क्षमता हो । कविता, नाटक, आख्यान र निबन्धका आआफ्ना विशुद्ध ढाँचागत स्वरूपका अतिरिक्त अन्तरमिश्रित कवितात्मक, नाटकीय, आख्यानात्मक र निबन्धात्मक विधाहरूलाई भिन्न प्रकारका कृतिहरू सिर्जना गर्नका लागि मात्र नभई आन्तरिक सहकारितामा एकअर्कासँग मिलाएर नयाँ र क्रियाशील साहित्यिक कृतिहरू सृजना गर्न सकिन्छ । श्रव्यता, पाठ्यता, अतिरिक्त दृश्यता, लेखकीय स्वयं कथन, आख्यानीकृत कथन, नाटकीकृत कथन, गद्यात्मकता, पद्यात्मकता, कथ्यजीवनको आयाम, काल्पनिकता आदिका कारणले सृजनात्मक लेखनका क्षेत्रमा पर्याप्त अन्तरविधा सम्भावना रहेको छ । साहित्यका मूल विधाकै वरिपरि रहेर विकसित भएका गद्य विधामा आख्यान, निबन्ध र आख्यान-निबन्धेतर अन्य विधा गरी विभाजन गर्न सकिन्छ । जीवनी, आत्मकथा, संस्मरण, यात्रावृत्तान्त, दैनन्दिनी, रिपोर्ताज आदि अन्य विधाहरूको जीवनभोगाइको वास्तविकता र निजात्मकताको छाप नवआधुनिक र उत्तरनवयुगका कविता, आख्यान र निबन्धमा पनि पर्न थालेको छ । अन्य विधाको अन्तमिश्रण र प्रभावले उत्तरसंरचनावादी सिर्जनामा नव विधाको सम्भावना पर्याप्त मात्रमा रहेको छ (त्रिपाठी, २०६६, पृ. १८४-१८७) ।

सिर्जनात्मक विधा सङ्गीत र नृत्यसँग पनि अन्तरसम्बन्धित हुन थालेको छन् । कवितालाई चित्रकलामार्फत दृश्यात्मक बनाउने काम गर्न सकिन्छ । कविता र चित्रकला बीचको अन्तरविधा सम्भावना पनि छ, जहाँ कृतिमा शब्दहरूका अतिरिक्त ध्वनि र चित्रात्मकताको प्रयोग गर्दा पनि पाठकको मानसिक अवस्थालाई प्रगाढ बनाउन मद्दत पुर्याउँछ । कविता र चित्रकला एकअर्कामा मिलेर एक नयाँ रूप सिर्जना गर्न सक्छन् । संवाद र अभिनयका माध्यमबाट कथालाई जीवित बनाइने भएकाले कथालाई चलचित्रमा रूपान्तरण गर्न सकिन्छ । नाटकलाई चित्रकला र अभिनयका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ । यी विधाहरू एकअर्कासँग मिश्रित हुन सक्छन् । विचार र विश्लेषणको गहिराइलाई श्रव्यमाध्यममा व्यक्त गर्न सकिने भएकाले निबन्धलाई रेडियो प्रसारणमा प्रस्तुत गर्न सकिन्छ ।

सिर्जनात्मक लेखनमा परम्परागत लेखन शैलीहरूसँगै नयाँ शैली र नयाँनयाँ प्रविधिहरूको प्रयोग बढ्दो छ । आधुनिक लेखनमा विभिन्न प्रयोगात्मक विधाहरू र शैलीहरूको मिश्रण देख्न सकिन्छ । डिजिटल युगमा सिर्जनात्मक लेखनको स्वरूप पनि बदलिएको छ । ब्लग लेखन, अनलाइन फोरमहरू, सामाजिक मिडिया पोस्ट र विभिन्न डिजिटल प्लेटफर्महरूले लेखनको नयाँ अवसरहरू सिर्जना गरेका छन् । लेखक अब केवल कागजमा लेखेर सीमित छैन । उनले आफ्नो विचारलाई अनलाइन समुदायमा पनि साझा गर्न

सक्छ र नयाँ पाठक वर्गलाई आकर्षित गर्न सक्छ । यसले लेखनको प्रकृति र यसको पहुँचलाई व्यापक बनाएको छ ।

## सिर्जनात्मक लेखन र समालोचनाको सम्बन्ध

सिर्जनात्मक लेखन र समालोचनाका बिच घनिष्ठ सम्बन्ध रहेको छ । सिर्जनात्मक साहित्यले मानिसका भावनात्मक, मानसिक र बौद्धिक अवस्थाहरूलाई अभिव्यक्त गर्दछ । यसमा कविता, कथा, उपन्यास, नाटकजस्ता विधाहरू पर्छन् । यस प्रकारको साहित्यले मानवता, समाज र जीवनका गम्भीर पक्षहरूलाई अन्वेषण गर्छ । यसले नयाँ सोच र दृष्टिकोण प्रस्तुत गर्छ । समालोचना निश्चित सैद्धान्तिक एवं अवधारणात्मक रूपमा सिर्जनात्मक कृतिहरूको गहन विश्लेषण र मूल्याङ्कन गर्ने प्रक्रिया हो । यसलाई साहित्यको एउटा रूप मानिन्छ । यसमा कृतिको सैद्धान्तिक विमर्श र विश्लेषण मात्र नगरी लेखकका विचार, उद्देश्य, शिल्प र शैली, साहित्यको समाज र संस्कृतिमा परेको प्रभाव, कृतिको गुणात्मकता आदिबारे मूल्याङ्कन गरी कृतिको गुण, दोषसमेत निरूपण गरिन्छ । समालोचनाबाट पाठकले साहित्यलाई गहन, विस्तृत र समग्र रूपमा बुझ्न सक्छ । सिर्जनात्मक साहित्य र समालोचनाले एकअर्कालाई प्रभावित गरेका हुन्छन् । साहित्यले समाज र संस्कृतिको दर्पणका रूपमा काम गर्छ भने समालोचनाले प्रेरक साहित्यिक वातावरणको निर्माण गर्ने, उत्तम साहित्यको सिर्जनाका निम्ति प्रेरणा दिने र मानव समाजलाई दिशाबोध गराउने कार्य गर्दछ ।

समालोचनाले सिर्जनात्मक कृतिहरूको गहन विश्लेषण गरेर ती कृतिहरूको महत्त्व र अर्थलाई स्पष्ट बनाउँछ । यसले साहित्यिक कृतिहरूलाई कलात्मक दृष्टिकोणबाट मात्र नहेरी समकालीन समाजका मूल्यमान्यता, परिवेश, विचारधारा आदिका आधारमा पनि हेर्छ । साथै कुनै पनि कृतिको सामाजिक, सांस्कृतिक र ऐतिहासिक सन्दर्भका परिप्रेक्ष्यमा कृतिको मूल्य निरूपण गर्दछ । समालोचना सिर्जनात्मक लेखनको उत्प्रेरणा हुन सक्छ । समालोचनाले लेखकलाई आफ्ना कृतिहरूमा सुधार गर्न, नयाँ दृष्टिकोण अपनाउन र साहित्यिक शिल्पलाई अझ परिष्कृत बनाउन प्रेरणा दिन्छ । समालोचनामा लेखिएका विचार र समीक्षाले लेखकलाई आफ्नो लेखनको गहिराइ र प्रस्तुतीकरणमा ध्यान पुऱ्याउन उत्प्रेरित गर्छ ।

सिर्जनात्मक साहित्य र समालोचना एकअर्कामा परिपूरक छन् । समालोचनाले कृतिहरूको समीक्षा गर्दा साहित्यको समग्र विकास र प्रगतिका लागि आवश्यक मार्गदर्शन प्रदान गर्दछ । अतः समालोचना र सिर्जनात्मक साहित्य बीच अन्योन्याश्रित र आपसी सम्बन्ध रहेको छ । समालोचनाले सिर्जनात्मक साहित्यलाई नयाँ दृष्टिकोण र मूल्याङ्कनका अवसर प्रदान गर्दछ भने सिर्जनात्मक साहित्यले समालोचनालाई नयाँ सामग्री र सन्दर्भ दिन्छ । यसरी यी दुवै एकअर्कालाई सिर्जनात्मक र बौद्धिक स्तर प्रदान गर्न मद्दत गर्छन् ।

## निष्कर्ष

सिर्जनात्मक लेखन जीवनजगत्का अनुभव र अनुभूतिलाई कलात्मक रूपमा प्रस्तुत गरिने रचनात्मक र कलात्मक मौलिक लेखन हो । यसमा आन्तरिक अनुभूति, कल्पनाशक्ति, मौलिकता र कलात्मकताको संयोजन हुन्छ । यसमा स्रष्टाका भावना र कल्पनाका माध्यमबाट नवीन संसारको निर्माण गरिएको हुन्छ । स्रष्टाले आफ्नो जीवन भोगाइका क्रममा प्राप्त गरेको विषयवस्तुमा आधारित भई समग्र पाठक जगत्मा नयाँ अनुभव र भावना र संवेदना प्रवाह गरेको हुन्छ । स्वतन्त्र प्रकृतिको लेखन भएकाले यो ज्ञानात्मक लेखनजस्तो वस्तुगत र विषयनिष्ठ नभई संवेदनात्मक र भावनात्मक हुने गर्दछ । साहित्यले जीवन जिउने कला सिकाउँछ भने व्यावहारिक लेखनले तथ्य र तर्कमा आधारित भई पाठकलाई सूचनात्मक ज्ञान प्रदान गरी व्यवहार निपुण बनाउँछ । स्रष्टाले आफ्ना अनुभव र अनुभूतिलाई कवितात्मक, आख्यानात्मक, निबन्धात्मक र नाटकीय

विधाका रूपमा अभिव्यक्त गरेको हुन्छ । यसरी व्यक्त गर्दा उसले प्रत्येक विधाका विशुद्ध रूपका साथै एकअर्का विधाका अन्तरमिश्रित रूपहरूको पनि निर्माण गरेको हुन्छ । त्यसैले सिर्जनात्मक विधाहरूको एकअर्कामा अन्योन्याश्रित र घनिष्ठ सम्बन्ध रहेको हुन्छ । समालोचनाले सिर्जनात्मक विधालाई निश्चित सिद्धान्त वा अवधारणाका आधारमा गुण, दोष पहिल्याएर विश्लेषण र मूल्याङ्कन गरी सिर्जनात्मक लेखनका लागि प्रेरित गरेको हुन्छ । यसप्रकार सिर्जनात्मक लेखन निश्चित सैद्धान्तिक मूल्य र मान्याता भएको ज्ञानात्मक लेखनभन्दा भिन्न स्वतन्त्र, मौलिक, सौन्दर्यात्मक, नवीन एवम् अनुभवमा आधारित अनुभूतिको प्रवाह भएको भावनाप्रधान कलात्मक लेखन हो ।

## सन्दर्भ सामग्रीसूची

उपाध्याय, केशवप्रसाद (२०४८), *पूर्वीय साहित्य सिद्धान्त,* (दो.सं.), काठमाडौँ : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४९), *साहित्य प्रकाश,* (पाँचौ सं.), काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६६), *साहित्य-सिद्धान्तः शोध तथा सृजनविधि.* काठमाडौँ : पाठ्यसामग्री पसल.।

थापा, हिमांशु (२०५८), *साहित्य परिचय,* (चौथो सं.), काठमाडौँ : साझा प्रकाशन ।

पराजुली, मोतीलाल (२०५३), *नेपाली रचनाकला,* पोखरा : लेखक स्वयम् ।

शर्मा, मोहनराज (२०५३), *समकालीन समलोचना सिद्धान्त र प्रयोग*। काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५८), *कथाको विकासप्रक्रिया,* (ते.सं.), काठमाडौँ : साझा प्रकाशन, ।

सिग्देल, सोमनाथ (२०५८), *साहित्य प्रदीप,* (२०५८ सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

Anderson, Linda (1998) . *Creative Writing: A Workbook with Readings*. Routledge .

Costello, Jonathan (2007). Introduction to Creative Writing. New York : Palgrave Macmillan.

Dobell, Sydney (1860). *Essays on Literature and Art*. London : M. Smith, Elder and Company.

Freeman, Paul W. (2003). *The Creative Writing Guidebook*. UK : Oxford University Press.

Murray, Helen (2004). *Creative Writing for Students*. London: Longman.

Mackenzie, D. G. (1993). *Creative Writing: A Practical Guide*. London : Routledge.

Richards, J. C.(1990) *The Language Teaching Matrix*. UK : Cambridge University Press.

Roy, M. S. (2011). *Techniques of Creative Writing*. Delhi: Rajkamal Prakashan,.